# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति

## आर्थिक बर्ष २०७९।०८० देखि २०८३।०८४ सम्म

# हिमा गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## कालिकाखेतु जुगाड, जुम्ला



Scanned with CamScanner

# दुई शब्द

नेपालको संबिधान २०७२ ले लैंगिक तथा सामाजिक समाबेशी समाजको परिकल्पना गरेको छ। संबिधानको प्रस्तावनामा नै लैंगिक बिभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने बिषय उल्लेख गरिएको छ। संबिधानत: मौलिक हकको रुपमा महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक, जेष्ठ नागरीकको हक लगायतका हक अधिकारहरु सुनिश्चित गरिएको छ। संघिय संरचनाको मर्म अनुरुप संबिधानमा व्यवस्था भएका हकहरु कार्यान्वयन गरी नागरीकलाई अधिकार प्रत्याभुत भएको महशुस गराउने जिम्मेवारी स्थानीय सरकारको हो। हिमा गाउँपालिकामा बिभिन्न गैरसरकारी संस्थाहरुको सहयोग तथा सहकार्यमा महिला तथा बालबालिकाको हक अधिकार संरक्षण तथा बिकासका क्षेत्रमा केही सकारात्मक गतिबिधिहरु कार्यान्वयन भईरहेका छन्। यस हिमा गाउँपालिकाद्वारा लैगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा थालनी गरिएका सकारात्मक प्रयासहरुलाई संस्थागत गर्दै लैससामैत्री नगर बनाउनका लागि यस रणनीतिले स्पष्ट मार्ग निर्देश गर्नेछ। "लैगिक समानता र सामाजिक समाबेशीमैत्री कार्यप्रणाली र व्यवहार, हिमा गाउँपालिकाको समग्र बिकासको मूल आधार" तय गर्ने परिकल्पना लिएर यो रणनीति निर्माण भएको हो। यो रणनीतिक योजनाले हिमा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, योजना तथा बजेट विनियोजन, संरचनागत व्यवस्था, सेवा प्रवाहलाई लैससास उत्तरदायी बनाउन सहयोग गर्नेछ। महिला तथा सबै प्रकारका लक्षीत समुदायको आर्थिक सामाजिक सशक्तिकरणको माध्ययमद्धारा सार्वजनिक स्रोत, साधन र सेवामा पहुँच र निर्णायक भूमिकामा समावेशी तथा अर्थपुर्ण प्रतिनिधित्व बढाउने उद्देश्य लिएको छ। यो रणनीतिक योजनाले दिगो बिकास र आर्थिक समृद्धिको लागि महिला लगायत सबै लक्षीत बर्ग समुदायको समान अवसर, निर्णायक भूमिकामा सहभागिता वृद्धि, समान लाभ तथा प्रतिफल उपभोगमा सुनिश्चितताका लागि व्यवसायीक सिप तथा क्षमता र नेतृत्व बिकासका गतिविधीहरु संचालन गर्ने कार्य योजना बनाएको छ। नेपाल सरकारवाट जारी गरिएका नीति तथा कानुन साथसाथै सरकारले प्रतिबद्धता जनाएका अन्तराष्ट्रिय नीति तथा कानुनहरु स्थानीय तहसम्म कार्यान्वयन गर्ने दायित्व स्थानीय सरकाको हुन्छ। यस गाउँपालिका लाई लैंगिक विभेद, हिंसा र छाउपडी प्रथा मुक्त गरी सामाजिक न्याय स्थापना गर्न यो रणनीतिले मद्धत गर्नेछ।

यो लैससास राणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने गाउँपालिकाको कार्यदल तथा प्रदेश सुशासन केन्द्रको तर्फवाट खटिएका परामर्शदाता, राणनीति निर्माण कार्यमा समूह छलफल गरी आवश्यक सुचना तथा तथ्यांक उपलब्ध गराउने जनप्रतिनिधी र कर्मचारी सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु। लैससासमैत्री गाउँपालिका निर्माण गर्न यो रणनीतिक योजनालाई महत्वपूण दस्तावेजको रुपमा कार्यान्वयन तहमा लैजान गाउँपालिका टिम लगायत सबै सरोकारवालाहरुको सकारात्मक योगदान रहनेछ भन्ने अपेक्षा एवं बिश्वास लिएको छु।

धन्यवाद

...........

लक्ष्मण वहादुर शाही
अध्यक्ष,
हिमा गाउँपाकिा



Scanned with CamScanner

## विषयसूची


**परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा परिचय**

१.१. पृष्ठभूमि ........ ३-४

१.२. हिमा गाउँपालिकाको संक्षिप्त परिचय ........ ४-५

१.३. लैससास रणनीति निर्माणको उद्देश्य, विधि तथा प्रक्रिया ........ ५-६

१.४ संक्षिप्त नाम र परिभाषा ........ ६-७

**परिच्छेद २ लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण**

२.१. हिमा गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था विश्लेषण ........ ७-९

२.२. लक्षीत समूह प्राथमिकिकरण र प्रमुख सवाल पहिचान ........ ९-११

२.३. लैससास क्षेत्रमा क्रियाशिल सरोकारवाला विश्लेषण ........ ११-१५

२.४ गाउपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेपण ........ १६-१७

२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु ........ १८

२.५. गाउँपालिकाको आगामी लैससास रणनीतिका लागि लक्षित कार्यक्षेत्रहरु ........ १८-१९

२.६. गाउँपालिकाको लैससास रणनीतिको समयावधी ........ १९

**परिच्छेद ३ लैससास रणनीतिको परिकल्पजना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता, औचित्यता र रणनीति तथा कार्यनीति**

३.१. लैससास मूलप्रवाहीकरण रणनीतिको परिकल्पना ........ १९

३.२ लैससास मूलप्रवाहीकरण रणनीतिको ध्येय ........ १९

३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको लक्ष्य ........ १९-२०

३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको उद्देश्यहरु ........ २०

३.५ लैससास मूलप्रवाहीकरण रणनीतिको मुल्यमान्यता ........ २०

३.६ लैससास मूलप्रवाहीकरण रणनीतिको औचित्यता ........ २०-२१

३.७ लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु ........ २१-२६

३.८. लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन कार्ययोजना ........ २७-३०

**परिच्छेद ४ लैससास रणनीति कार्यान्वयन तथा अनुगमन प्रणाली**

४.१ लैससास रणनीति कार्यान्वयनका लागि आवश्यक संस्थागतसंयन्त्र ........ ३१

४.२ लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन ........ ३२

४.३. अनुगमन प्रणाली ........ ३२-३५

४.४. सम्भावित जोखिम तथा जोखिम न्यूनिकरणका उपायहरु ........ ३५-३७

४.५. कानुनी व्यवस्था तथा पुनरावलोकन ........ ३८-३९

**अनुसुची :** ........ ४०-४१

अनुसुची १ लैससास रणनीति निर्माण कार्यदलको विवरण

अनुसुचि २ लैससास निर्माण क्रममा अध्ययन तथा विश्लेषण गरिएका दस्तावेजहरु

# परिच्छेद १ पृष्ठभूमि तथा परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्वन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमुना, लैङगिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्वन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्वन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्वन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकारमा लैससास सम्वन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ।

लैंगिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ। त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंबर १३२५ र १८२० ले सशस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको विषय



Scanned with CamScanner

सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन सुनिश्चित गरेको छ । सन १९९५ को बेइजिङ सम्मेलनको घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समावेश गरिएको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समावेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरि गाउँपालिकालाई लैससासमैत्री बनाउन लैससास मूलप्रवाहिकरण रणनीतिले मार्गदिश गर्ने विश्वास गरिएको छ ।

### १.२. गाउँपालिकाको संक्षिप्त परिचय :

हिमा नदीको नामबाट नामाकरण गरिएको हिमा गाउँपालिका ७ वटा वडामा बिभाजित छ । जुम्ला जिल्लाको ८ वटा स्थानीय तह मध्ये हिमा गाउँपालिका एक हो । यो गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलंगा देखि १६ कोषको दुरीमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा तिला गाउँपालिका, पश्चिममा कालिकोट जिल्ला, उत्तरमा सिंजा गाउँपालिका र दक्षिणमा कालिकोट जिल्लासंग सिमाना जोडीएको छ । प्रशासनिक हिसाबले जम्मा ७ वटा वडामा विभाजित यस गाउँपालिकाको केन्द्र जुगाडमा रहेको छ ।

१३२.३२ वर्ग मिटर क्षेत्रफल रहेको यो गाउँपालिका समुन्द्र सतहबाट ३८०० मिटरको उचाईमा अवस्थित छ । हिमा गाउँपालिकाको पार्श्वचित्र २०७८ अनुसार हिमा गाउँपालिकाको कूल घरधुरी संख्य २१५८ छ भने कूल जनसंख्या १३१३४ रहेको पाइन्छ । कूल जनसंख्या मध्ये महिला ६३७४ जना र पुरुष ६७६० जना रहेको पांइन्छ । यस गाउँपालिकाको उमेर समूह अनुसार अध्ययन गर्दा ५ वर्ष मूनिका बालबालिका संख्या १७२३ जना छन जसमध्ये बालिका ७८६ र बालक संख्या ९३७ जना छ । त्यसैगरी ५ देखि १८ वर्ष उमेर समूहका बालबालिका संख्या जम्मा ४४०२ मध्ये बालिका २०८९ र बालक २३१३ जना छ ।

क्षेत्रीजातीको बाहुल्यता रहेको यस गाउँपालिकामा सबै जातजातीको मिश्रित बसोबास रहेको छ । कूल जनसंख्या मध्ये क्षेत्री ४६.२९ प्रतिशत, ठकुरी ३०.०७ प्रतिशत, ब्राह्मण ३.१० प्रतिशत, दलित १५.९९ प्रतिशत र सन्यासी ४.५५ प्रतिशतको बसोवास रहेको छ । कूल जनसंख्या मध्ये अपांगता भएका व्यक्तिको संख्या ४५६ जना रहेको छ । नेपाली भाषा मातृ भाषाको रुपमा प्रयोग गरिन्छ । यस गाउँपालिकामा हिन्दु धर्म मान्नेहरुको बाहुल्यता भएपनि इसाई धर्म ४.७ प्रतिशतले मान्दछन् भने हिन्दु धर्म मान्ने ९५.२५ प्रतिशत छन् ।

यस गाउँपालिकाको कूल जनसंख्या मध्ये ७७ प्रतिशत कृषि पेशामा आवद्ध भएपनि पछिल्लो समयमा हिमाली जडीबुटीमा आधारीत व्यवसाय तर्फ आकर्षण बढदै गएको पाइन्छ । त्यसैगरी मौषमी रुपमा भारतको रोजगारी र बैदेशिकरोजगारीमा जानेहरुको संख्या दिनानुदिन बढदो क्रममा रहेको पाइन्छ । छुवाछुत, छुईप्रथा, धामीझाक्री र अन्धविश्वास जस्ता सामाजिक कुरीतिहरु कायमै छन् ।

### १.३. लैससास रणनीति निर्माणको उद्देश्य, बिधि तथा प्रक्रिया :

#### १.३.१ रणनीतिको उद्देश्य :

यस लैससास रणनीतिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई स्थानीयकरण गरि गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउदै दिगो विकासका

लागि आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धी तथा लाभ र अवसरका समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। अन्य उद्देश्यहरु निम्न बमोजिम छन।

क) गाउँपालिकामा लैससास सम्बन्धी शासन व्यवस्था प्रवर्द्धन गर्ने लैससाससँग सम्बन्धीत मुद्दाहरुलाई विकास प्रक्रियामा समावेश गर्ने ।

ख) गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया लैससासमैत्री बनाउने ।

ग) गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउने ।

घ) गाउँपालिकाको नीति तथा कानुन निर्माण,, संरचना र कार्यक्रम तथा योजना प्रक्रियामा महिला लगायत वञ्चित समुदायको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

ङ) सरोकारवाला बिच लैससास सम्बन्धी बुझाइमा एकरुपता ल्याई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

च) लक्षीत वर्ग समुदायमा सामाजिक न्याय र विकासका लाभहरुमा न्यायोचित वितरण प्रणाली सुनिश्चित गर्ने ।

## १.३.२. लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रिया :

यस गाउँपालिकाको लैससास मूलप्रवाहिकरण रणनीति निर्माण क्रममा निम्न विधि तथा प्रक्रियाहरु अवलम्बन गरिएको छ।

क) **सम्पर्क समन्वय** :गाउँपालिकाको लैससास रणनीति निर्माणका लागि कार्यशाला गोष्ठी संचालन तथा रणनीति निर्माण क्रममा आवश्यक सहयोगी दस्तावेज संकलनका लागि गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत र सुचना अधिकारीसंग नियमित सम्पर्क तथा समन्वय गरियो ।

ख) **दस्ताबेज संकलन तथा अध्ययन** : गाउँपालिकाले गठन गरेको लैससास रणनीति निर्माण कार्यदल र सहजकर्ताको टिमबाट गाउँपालिकाले लैससासको विषयमा निर्माण गरेका नीति तथा कानुन, गाउँपालिकाको पार्श्वचित्र, कार्यविधि, लिजा प्रतिवेदन, निर्णयहरु लगायतका आवश्यक दस्तावेजहरुको अध्ययन गरेको थियो । त्यसैगरी लैससास सम्वन्धी प्रावधानहरुको अध्ययन जस्तै लैससास राष्ट्रिय नीति २०७७, दिगो विकास लक्ष्य तथा लक्ष्य नं. ५, नेपाल सरकारको समावेशीकरण नीति २०७८, स्थानिय सरकार संचालन ऐन २०७४, नेपालको संविधान लगायत अन्तर्राष्ट्रिय प्रावधानहरुको बारेमा अध्ययन गरीयो ।

## ग) लैससास रणनिति तयारी प्रक्रियाबारे अभिमूखिकरण :

गाउँपालिकाका कार्यवाहक अध्यक्ष वडा नं ५ का वडा अध्यक्ष कालो शाही र वडा अध्यक्षहरु लगायत कार्यपालिका सदस्यहरु, प्रमुख प्रसाशसकिय अधिकृत लगायत, विषयगत शाखा प्रमुख तथा प्रतिनिधीहरुको सहभागितामा अभिमूखिकरण सम्पन्न गरीयो । रणनीति तयारीमा सहयोगका लागि उक्त भेलाबाट कार्यदल गठन गरी जिम्मेवारी प्रदान गरियो ।

घ) **समूह केन्द्रीत छलफल तथा सरोकारवालाबाट जानकारी संकलन** : अभिमूखिकरण तथा छलफल गोष्ठीबाट विभिन्न समूहमा विभाजन गरी समूह केन्द्रीत छलफलबाट रणनीतिको खाकामा रहेर आवश्यक सुचना संकलन गर्ने काम सम्पन्न गरियो । साथै उक्त भेलाले गठन गरेको कार्यदलसंगको

समन्वय बैठकबाट रणनीति तयारीको ढाँचामा रहेर आवश्यक सूचना तथा तथ्यांक संकलन गरि रणनीतिको मस्यौदा तयार गर्ने काम सम्पन्न गरियो ।

ङ) **मस्यौदा प्रस्तुतीकरण बैठक** : गाउँकार्यपालिका टिम, विषयगत शाखा प्रमुख तथा प्रतिनिधीहरुको सहभागितामा परामर्शदाता र कार्यदलबाट तयार गरिएको नैसमासमा रणनीति मस्यौदाको प्रस्तुतीकरण गरी अन्तीम तयारीका लागिं आवश्यक सुझावहरु संकलन गरियो ।

**१.४. संक्षिप्त नाम र परिभाषा :**

**१.४.१. संक्षिप्त नाम** :यस रणनीतिको नाम हिमा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति २०७९ रहनेछ । यो रणनीति गाउँपालिकाले स्विकृत गरेको मीति देखि लागु हुनेछ ।

**१.४.२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) **रणनीति भन्नाले** : हिमा गाउँपालिकाको लैसमास मूलप्रवाहिकरण रणनीति २०७९ लाई सम्झनु पर्दछ ।

ख) **गा.पा.**भन्नाले : हिमा गाउँपालिका सम्झनु पर्दछ ।

ग) **लैससास** भन्नाले : लैङ्गिक समांनता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ ।

घ) **लैगिक समानता तथा सामाजिक समावेशीकरण** भन्नाले महिला, पुरुष वा लैंगिक तथा यौनिक अल्पसंख्यक र विभिन्न सामाजिक समूहहरु विचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

ङ) **लैङ्गिक मूलप्रवाहीकरण** (Gender Mainstreaming) : भन्नाले गाउँपालिकाको विद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ ।

च) **लैङ्गिक समानता** (Gender Equality) : भन्नाले समाज तथा राज्यको सबै संरचना र क्षेत्रमा महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

छ) **लैङ्गिक समता (Gender Equity)** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक व्यक्तिलाई समानतामा पुर्‍याउन अवलम्बन गरिने सकारात्मक विभेद वा विशेष प्रयासलाई सम्झनु पर्दछ ।

ज) **सामाजिंक समाबेशीकारण** (Social Inclusion) भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराइ सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच वृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

झ) **सामाजिक बञ्चितिकरण** (Social Exclusion) भन्नाले लैंगिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाइ सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा



Scanned with CamScanner

किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट बञ्चित गराइनु हो ।

ञ) **बञ्चित समूह** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरीक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने व्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

ट) **लैङ्गिक संबेदनशिल** (Gender Sensetive) : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेस्रो लिङ्गीहरुका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

ठ) **लैङ्गिकता (Gender)** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यबहार र उनीहरुलाई हेर्ने असमान दृष्टिकोण लाई जनाउछ ।

ड) **लैंगिकमैत्री** (Gender Friendly) : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहारलाई सम्झनु पर्दछ ।

ढ) **CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

ण) **CRC** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन १९८९ लाई जनाउछ ।

त) **BPFA** भन्नाले बेइजिङ कार्ययोजना ( Beijiing Platform of Action) सन १९९५ लाई जनाउछ।

थ) **सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुविधाको अवसरबाट बञ्चित र बिभेदमा परेका साथै संघिय कानुन बमोजिम मानव बिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

द) **लैंगिक उत्तरदायि बजेट** भन्नाले लैंगिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पदछ ।

ध) **लैंगिक प्रभाव विश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै बर्ग, जाताजती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

न) **खण्डिकृत तथ्यांक** भन्नाले सबै जाताजती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एबं लैंगिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था आदि समूहहरुको तहगत तथ्यांकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ विश्लेषण

### २.१ हिमा गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :

हिमा गाउँपालिकाको विद्यमान राजनैतिक, सामाजिक र आर्थिक अवस्था विश्लेषण गरिएको छ । विश्लेषणले आगामी दिनमा लैससासको क्षेत्रमा के कस्तो आर्थिक, सामाजिक र राजनैतिक योजना तथा नीति कार्यक्रमका विषयहरु उठान गर्न सहयोग गर्नेछ ।

### २.१.१. राजनैतिक अवस्था

राजनैतीक तथा प्रशासनिक हिसावले हिमा गाउँपालिका ७ वटा वडामा विभाजन छ । यस गाउँपालिकाको कार्यपालिकामा जम्मा सहभागि संख्या १५ जना छ भने यसमध्ये महिला सहभागिता गाउँपालिका उपाध्यक्ष सहित ५ जना र पुरुष सहभागिता गा.पा. अध्यक्ष सहित १० जना छन् । कार्यपालिकामा दलित पुरुष २ जना छ जसमध्ये दलित महिला १ जना छन् । यस गाउँपालिकाको ७ वटै वडामा वडा अध्यक्ष सबै पुरुष मात्र, छन् भने गा.पा.उपाध्यक्ष महिला छन । त्यसैगरी यस गाउँपालिकाको गाउँसभामा जम्मा ३८ जना सहभागि मध्ये पुरुष २४ जना र महिला १३ जना छन् । जसमध्ये दलित महिला ६ जना, दलित पुरुष २ जना र बाँकी सबै अन्यबाट प्रतिनिधित्व छ ।

हिमा गाउँपालिकाकमा आम नागरीकहरुमा राजनैतिक चेतनास्तर बढ्दै गएको भएपनि महिला, दलित लगायत पछाडी परेको समुदायको नेतृत्व तहमा सहभागिता अपेक्षाकृत वृद्धि हुन सकेको पाइदैन । कानुनले अनिवार्य गरेकोमा बाहेक अन्य क्षेत्रमा महिला लगायत पछाडी परेका वा पारिएका वर्गको सहभागिता वृद्धि गर्न सकिएको छैन । महिला लगायत लक्षीत समूहलाई राजनीतिमा सहभागिता वृद्धिका लागि परिवार तथा समाजबाट सहज वातावरण सृजना गर्न आवश्यक देखिन्छ । महिला, दलित लगायत बञ्चित समुदायलाई राजनैतिक चेतनास्तर बढाउन स्थानीय राजनैतिक दल लगायत गाउँपालिकाबाट जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन हुन जरुरी छ । समग्रमा महिला, दलित जनजाती संख्या विश्लेषण गर्दा राजनैतिक भूमिकामा सकारात्मक प्रतितिनिधित्व भएपनि राज्यका हरेक संरचनामा महिला लगायत समावेशी सहभागिता वृद्धि गराउन पहल गर्नुपर्ने देखिन्छ । नेतृत्व तहमा महिला, दलित, अपांग लगायतका अन्य बञ्चित सुदायको सहभागिता वृद्धि गर्नु पर्ने विद्यमान तथ्यांकले स्पष्ट पार्दछ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र समावेशी सहभागिताको कानुनी प्रावधानले समावेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताका लागि राजनैतिक दल लगायत स्थानीय सरकारबाट विशेष गरी लक्षित वर्ग समुदायको क्षमता विकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्नुपर्ने देखिन्छ ।

लैंगिक तथा सामाजिक हिसावले समान अस्तित्वलाई सहज रुपमा स्विकार नगरे सम्म शक्ति सम्बन्धमा महिला लगायत वञ्चित तथा पछाडी परेका वर्ग समुदायहरु समान हैसियतमा आउन नसक्ने यथार्थता हाम्रा साम् विद्यमान छ । गाउँपालिकाको निर्णायक तहमा प्रतितिनधित्व संख्या विश्लेषण गर्दा उपाध्यक्ष मात्र महिला भएको पाइन्छ भने गा.पा. अध्यक्ष वगायत वडा अध्याहरु सबै पुरुष रहेको पाइन्छ । अधिकृत तह वा सो सरहका महिला संख्या अत्यन्त न्यून संख्यामा रहेको छ । महिला लगायत लक्षीत समूहको राजनैतिक भूमिकामा पहुँच वृद्धि गरी निर्णायक तहमा क्रियाशिल हुनका लागि सबै लक्षीत समूहमा राजनैतिक चेतनास्तरको र सो सम्बन्धी क्षमता विकासका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आवश्यक छ ।

### २.१.२. सामाजिक अवस्था बिश्लेषण :

सामाजिक हिसावले हिमा गाउँपालिकामा विभिन्न जातजाती, वर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजाती तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको छ । यस गाउँपालिकाको कूल जनसंख्या १३१३४ जना रहेको छ भने जम्मा घरधुरी संख्या २५२८ छ । यस गाउँपालिकाको जनघनत्व १.००७ छ । यहाँको मुख्य भाषा खस कुम्ला नेपाली हो । हिन्दु धर्म मान्नेहरुको वाहुल्यता रहेपनि न्यून संख्यामा ईसाई धर्मावलम्बीहरु पनि रहेको पाइन्छ ।

यस गाउपालिकामा जातीय रुपमा ब्राह्मण क्षेत्री जातीको बाहुल्यता रहेपनि ठकुरी, दलित र सन्यासी लगायतका जातीको बसोवास रहेको छ । यस गाउँपालिकाका बासिन्दाहरुको मुख्य चाडपर्व बडादशै, तिहार, साउने सक्रान्ती, माघेसक्रान्ती, चैते दशै, हो भने स्थानीय चाडका रुपमा पुस १५ बिसंती, चार पुर्णिमा, पैठहडन, नयाँ बर्ष (तागे सक्रान्ती आदि मनाउने गर्दछन् । यहाँका मानिसहरुको भेषभुषा नेपाली दौरासुरुवाल, कोटपाइन्ट, गुनीउ चोली, कुर्ता आदि लगाउने चलन छ । दैनिक खानपिनमा विशेषगरी दालचभात तरकारी हो भने स्थानीय खाना खोचा, रोटा, लगड, खडिया, फाडो, गर्बो आदि खाने प्रचलन छ । यस गाउँपालिकामा एतिहासिक ऐडाकोट, लमा विष्णु, कैलास गडनुहाउनी मन्दीर, गुरुमष्टो, कालिका, रुपीछडा झरना, पुगालीमाई राहादेव, जस्ता प्राकृतिक सांस्कृतिक धार्मिक क्षेत्रहरु छन ।

समाजमा विद्यमान पित्रृसतात्मक सोच र व्यवहारवाट यस हिमा गाउँपालिका पनि अछुत रहन सकेको छैन । लैंगिक विभेद, छुईप्रथा, दाइजो प्रथा, बोक्सी तथा धामीझाक्री, देउता प्रथा, बालश्रम, बाल बिवाह, बहु बिवाह, जातिय बिभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र परम्परागत गलत सामाजिक अभ्यासहरु अझै कायमै रहेका छन् । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाको समान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला, दलित लगायत वञ्चित समुदायको सहभागिता साथै विभिन्न अवसर तथा सुचनामा न्यून सख्यामा पहुँच छ । स्थानीय तहको हरेक संरचना लगायत सेवामा लैंगिक तथा सामाजिक रुपले समावेशी प्रतिनिधित्व तथा समान अवसर र समान पहुँच हुन सकिरहेको छैन । कानुनी रुपमा प्रदान गरिएको प्रजनन् तथा सुरक्षित मातृत्वको अधिकार समेत महिलाहरुले निर्वाध रुपमा उपयोग गर्न सकिरहेको पाइदैन ।

गाउँपालिकामा विद्यमान सामाजिक पछौटेपना, सामाजिक कुरीति, लगायत गलत सामाजिक अभ्यास र परम्परागत प्रचलन हटाउनका लागि गाउँपालिकाको सबै वडा तहमा कानुनी शिक्षा तथा सामाजिक जागरणका अभियान संचालन गर्न आवश्यक छ ।

### २.१.३. आर्थिक अवस्था बिश्लेषण :

हिमा गाउँपालिकाका बासिन्दाहरुको मुख्य पेशा कृषि व्यवसाय रहेको छ । गाउँपालिकाको २०७८ को पार्श्वचित्र अनुसार ७७ प्रतिशत मानिसहरु कृषि पेशामा आबद्ध छन । यस गाउँपालिकामा ५८.१९ प्रतिशत मानिसहरु गरिवीको रेखामूनि भएको तथ्यांकले देखाउछ । अधिकांस मानिसहरुलाई आफनो कृषि व्यवसायबाट मुस्किलले ३ महिना मात्र खान पुग्ने र बाँकी अवधीका लागि आयआर्जन गर्न अन्य बैकल्पीक रोजगारीका

रुपमा ज्यालामजदुरी, छिमेकी मुलुक भारतको रोजगारी र केही संख्यामा खाडी मुलुकमा समेत रोजगारीको लागि जाने गरेको पाइन्छ । पछिल्लो समयमा वैदेशिक रोजगारीमा यहाँका मानिसहरुको आकर्षण बढेको पाइन्छ । यस गाउँपालिकामा केही संख्यामा हिमाली जडीबुटीमा आधारित घरेलु तथा साना उद्योग व्यवसाय आबद्ध छन । गाउँपालिकामा रोजगारी तथा व्यवसायमा संलग्न व्यक्तिहरुको खण्डिकृत रुपमा एकिन तथ्याङ्क नभएपनि महिला, दलित लगायत बञ्चित समुदायका व्यक्तिहरु न्यून संख्यामा रोजगारी तथा व्यवसायमा संलग्नता रहेको पाइन्छ । गाउँपालिकाको सर्वक्षेण अनुसार बिभिन्न पेशा व्यवसाय मध्ये कृषि पेशामा ४० प्रतिशत सहभागिता, पशुपालनबाट ३० प्रतिशत सहभागिता, जडीबुटी व्यवसायमा ६ प्रतिशत, घुम्ती व्यापारमा १२ प्रतिशत, ज्याला मजदुरीमा ९ प्रतिशत र जागीरमा ३ प्रतिशत आबद्ध भई आर्थिक उपार्जन गर्ने गरेको पाइन्छ ।

यस गाउँपालिकामा घरेलु तथा साना उद्योग व्यवसायको रुपमा हिमाली जडीबुटी प्रशोधन, हिमाली फलफूल प्रशोधन हिमाली भेगमा ओखर, स्याउ, चिया खेती, अल्लो, सुन्तला, केरा टिमुर खेती आदि कृषि तथा अन्य स्थानीय स्रोतमा आधारित उद्योग व्यवसाय तर्फ मानिसहरुको आकर्षण बढेको छ । गाउँपालिकाको बिद्यमान सामाजिक अवस्था बिश्लेषण गर्दा आर्थिक उत्पादन तथा स्रोतमा पहुँचका हिसावले पुरुषहरुको ९७ प्रतिशत सहभागिता छ भने महिलाहरुको करीब ३ प्रतिशत मात्र संलग्नता रहेको पाइन्छ ।

**२.२ लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण र प्रमुख सवाल पहिँचान :**

हिमा गाउँपालिकामा महिला, दलित, लगायत पछाडी पारिएका वर्ग समुदायहरुको उत्थान र विकासका लागि वार्षिक नीति तथा कार्यक्रममा सम्बोधन गर्नुका साथै वार्षिक योजना तथा बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने गरेको भएपनि लक्षीत समुहको अवस्था विश्लेषण र उनीहरुको व्यापक सहभागितामा योजना माग हुन सकिरहेको छैन । गाउँपालिकाले लक्षीत समुहका लागि समग्रमा योजना तथा बजेट बिनियोजन गरे पनि उनीहरुको उत्थान तथा बिकासका लागि निश्चित प्रतिशत बजेट बिनियोजन हुन सकेको छैन । गाउँपालिकाले समुदाय तहमा सर्वेक्षण गरी लक्षीत समूहको एकिन तथ्यांक पहिँचान गरेको अभिलेख नभए पनि कार्यशालामा समूह छलफलको क्रममा सामूहिक छलफल तथा सहमतिबाट देहायका लक्षीत समूह पहिँचान गरी प्राथमिकिकरण गरिएको छ । समूह छलफलबाट तयार गरिएको गाउँपालिकाको लक्षीत समूह नक्साकनमा सबै वडाहरुमा लक्षीत समूह छरिएर रहेको पाइन्छ । लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| | |
|---|---|
| **२.२१ हिमा गाउँपालिकाको लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण** | **२.२.२. पालिका तथा वडास्तरका प्रमुख सवालहरु** |

| | |
|---|---|
| १. समग्र महिला ⁄ एकल महिला | क) नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु ।<br>ख) नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।<br>ग) योजना तर्जुमा प्रक्रियामा महिलाहरुको अर्थपूर्ण सहभागिताको कमि ।<br>घ) दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमि ।<br>ङ) अधिकांस महिलालाई आफनो अधिकार र कानुनबारे जानकारी नहुनु ।<br>च)गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा आमा तथा बच्चाको स्वास्थ्य जोखिममा पर्ने खतरा हुनु ।<br>छ) घरेलु हिंसा, लैगिक हिंसा, बलात्कार तथा यौनजन्य दुर्व्यवहार र बिभेदबाट पिडित हुनु ।<br>ज) लैंगिक बिभेद, छाउपडीप्रथा, बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु ।<br>झ) मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु ।<br>ञ) आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।<br>ट) उच्च शिक्षामा समान पहुँच नहुनु ।<br>ठ) गर्भवती महिला तथा सुत्केरी महिलाहरुलाई पोषणको कमि ।<br>ड) कार्यलयहरुमा लैगिकमैत्री संरचना तथा व्यवहारको कमि ।<br>ढ) एकल महिला, अपांग, असाहय महिलाहरुलाई अपमानजनक तथा असमान व्यबहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु ।<br>ण) एकल महिलाहरु संगठनमा आवद्धता कमी, चेतनाको कमि । |
| २) दलित | क) सबै वडा लगायत समुदाय तहमा अन्धविश्वास र छुवाछुत कामयमै छ ।<br>ख) खण्डिकृत तथ्यांक नभएकोले दलित भित्रको दलित महिला, अपांग दलित, वेरोजगार दलित, शिक्षाबाट बञ्चित दलित आदि पहिँचान हुन सकेको छैन ।<br>ग) गाउँपालिका लगायत वडा तहको बिभिन्न संरचनाहरुमा निर्णायक भूमिकामा दलितहरुको प्रतिनिधित्व न्यून संख्यामा छ ।<br>घ) उच्च शिक्षा, स्वास्थ्य, रोजगार जस्ता बिभिन्न अवसरहरुबाट बञ्चित छन् ।<br>ङ) न्यून चेतनास्तरले गर्दा समग्र विकास प्रक्रियामा दलितहरुको सहभागिता शुनिश्चित हुन सकेको छैन । |
| ३) बालबालिका | क) बाल श्रमबाट बालबलिकाहरु पिडित छन् ।<br>ख) बालयौन दुरर्व्यवहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन् ।<br>ग) बालविवाह कायमै रहनु र बालबिबाहलाई समाजले सहजै स्विकार गर्नु ।<br>घ) बालमैत्री संरचना ⁄व्यवहार ⁄खेल मैदान बालउद्यान नहुनु ।<br>ङ) गाउँपालिका लगायत सबै सार्वजनिक स्थानमा स्तनपान कक्षको व्यबस्था नहुनु ।<br>च) बलिका तथा किशोरीहरुमा आत्मरक्षा शिप नहुदा बलात्कार तथा यौनजन्य दुर्व्यवहारको शिकार बन्नु ।<br>छ) बेसाहारा तथा अविभावक बिहिन बालबालिकाहरुलाई वैकल्पीक हेरचाह केन्द्र |




Scanned with CamScanner

| | |
|---|---|
| | तथा संरक्षणको अभाव । ज) पोषणको कमी । |
| ४) अपांगता भएका व्यक्ति | क) समान अवसरबाट बन्चित तथा सार्वजनिक सेवा र स्रोतमा सहज पहुँच नहुनु । ख) अपहेलना, अपमानजनक व्यवहार तथा यौनजन्य दुर्व्यवहारको शिकार हुनु । ग) मानसिक स्वास्थ्य समस्याको शिकार हुनु । घ) अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु । ङ) समान शिक्षाको अवसरबाट बन्चित । ठ) रोजगारीमा पहुँच कमि । च) अपांग महिला, बालिका तथा किशोरीहरु यौनजन्य शोषण तथा दुर्व्यवहार र बलात्कारको शिकार बन्नु । |
| ५) अति बिपन्न नागरीक | क) सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्वाह गर्न बाध्य छन् । ख) मुख्य पेशा ज्यालामजदुरी । ग) गरिबीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बन्चित हुनु । घ) सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुविधामा पहुँच कमी । ङ) अशिक्षा र चेतनाको कमीले बाल विवाह, सामाजिक कुरीतिहरु कायम छन् । च) निर्णायक तहमा सहभागिताको पहुँच न्यून । छ) गरिवीका कारण सामाजिक तथा राजनैतिक भूमिकामा न्यून सहभागिता । |
| ६) ज्येष्ठ नागरीक | क) ज्येष्ठ नागरीकको पहिचान सहित सम्मानको व्यवस्था , ख) जेष्ठ नागरिकहरुको सूचनामा पहुँच कमि । ग) जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको अभाव घ) घरपरिवारका सदस्यहरुबाट बेवास्ता र अपहेलना गरिनु । ङ) ज्येष्ठ नागरीक माथि हिंसा तथा अपमानजनक व्यवहार गरिनु । च) पारिवारिक तथा सार्वजनिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि । छ) अपहेलना र बेवास्ताका कारण मानसिक स्वास्थ्य समस्याको शिकार हुनु । ज) एक्लै वा एकान्तमा समय बिताउनु पर्ने बाध्यता । |

### २.३. लैससासका क्षेत्रमा क्रियाशिल सरोकारवाला पहिँचान र उपलब्ध सेवा तथा कार्यक्रमहरु

हिमा गाउँपालिकामा लैंगिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा क्रियाशिल सरोकारवाला निकायहरुको पहिँचान गरी भेन डायग्रामद्वारा प्रस्तुत गरिएको छ । यस रणनीतिमा सरोकारवालाले लैससास क्षेत्रमा वहन गनुपर्ने भूमिका समेत निर्धारण गरिएका छ । गाउँपालिकामबाट लैससासको क्षेत्रमा काम गर्दा समन्वय तथा सहकार्य गर्दै आएको र भविश्यमा सहयोग तथा सहकार्य गर्न सकिने छ ।

२.३.१. सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्वारा प्रस्तुती :




## २.३.२. लैससास क्षेत्रमा सरोकारवालाहरुको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था :

हिमा गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्वन्धीत सरोकारवालाहरुको प्राथमिकिकरण गरी उनीहरुसंग निरन्तर समन्वय र सहकार्यका लागि कार्यगत योजना वनाई लागु गरिनेछ । गाउँपालिका अन्तर्गतका सवै बिषयगत शाखा, वडा कार्यालय साथै यस क्षेत्रका सवै सार्वजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था र जिल्ला, प्रदेश र केन्द्र तहका सम्वन्धीत निकाय

तथा गैरसरकारी सघसंस्थाहरुसंगको निकटतम समन्वय र सहकार्य गरि स्थानीय जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास र लक्षीत समूहको विकासमा मूलप्रवाहिकरण तथा पहुँच सुनिश्चित गरिनेछ । लैससास रणनीतिमा सबै सरोकारवालाहरुको भूमिका निर्धारण गरि कार्यान्वयनका लागि नियमित समन्व तथा सम्बन्ध विस्तार गरी कार्यान्वयन क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरुले तोकीएको भूमिका प्रभावकारी कार्यान्वयन गरे नगरेको सन्दर्भमा नियमित अनुगमन समेत गरिनेछ । गाउँपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला पहिचान गरि बुदाँ नं २.३.१ मा उल्लेख गरिएका सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी निम्न तालीकामा उल्लेख गरिएको छ ।

| (क) लैससासको क्षेत्रमा क्रियाशिल सरोकारवाला निकायहरु | .(ख) सरोकारवाला निकायको भूमिका तथाल जिम्मेवारी |
|---|---|
| गाउँपालिका र गाउँकार्यपालिका | ▪ लैससास सम्बन्धी नीति, रणनीति, कार्यविधि र कार्ययोजना निर्माण गरी लागु गर्ने गराउने<br>▪ लक्षीत वर्ग समुदायका लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यान्वयन गर्ने गराउने ।<br>▪ योजना, कार्यक्रम तथा बजेटको नियमित अनुगमन तथा मुल्यांकन गरी सुधारका लागि पृष्ठपोषण गर्ने । |
| लैससास कार्यान्वयन तथा अनुगमन समिति | ▪ गाउँपालिकाद्धारा निर्माण हुने सबै प्रकारका ऐन, कानुन तथा नीति र कार्यविधिहरु छलफल तथा समिक्षा गरी लैससास विषयवस्तुहरु समावेश गर्ने ।<br>▪ लैससास सम्बन्धी नीति तथा कार्यविधि बनाई लागु गर्न प्राविधिक सहयोग गर्ने<br>▪ लैससास उत्तरदायी योजना तथा बजेट निर्माणका लागि प्राविधिक सहयोग गर्ने<br>▪ लैससासनीति तथा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरी सुधारका लागि आवश्यक पृष्ठपोषण दिने । |
| न्यायिक समिति | ▪ न्याय सेवा प्रणाली सुरक्षित र संवेदनशिल बनाउने ।<br>▪ न्याय सम्पादन कार्यलाई सरल र सहज बनाउने ।<br>▪ कानुनी विवाद, घरेलु हिंसा, लैगिक हिंसा लगायतका सामाजिक बिभेद वरुद्ध जनचेतनामूलक कार्यक्रम सचालन गर्ने ।<br>▪ हिंसा पिडित तथा प्रभावितहरुलाई कानुनी परामर्श वा मनोविमर्श सेवा उपलब्ध गराउने ।<br>▪ विवादित पक्षहरुलाई मेलमिलाप गराउन पहल गर्ने ।<br>▪ मेलमिलाप कर्ताहरुको क्षमता विकास र मेलमिलाप केन्द्रलाई प्रभावकारी |



Scanned with CamScanner CamScanner

| | |
|---|---|
| | परिचालन गर्ने । |
| मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ता | ▪ समुदाय तथा वडा तहमा हुने विवादहरुमा दुवै पक्षलाई राखी मेलमिलाप गराउन पहल गर्ने<br>▪ समाधान हुन नसकेका विवादहरु मुद्धाको प्रकृति हेरी न्यायिक समिति तथा प्रहरी कार्यालयमा सिफारिस गरी पठाउने ।<br>▪ महिला हक अधिकार लगायत लक्षीत वर्ग समुदायका लागि बनेका कानुन बारे समुदाय तहमा जनचेतना फैलाउने । |
| महिला बालबालिका तथा जेक्ष्ठ नागरीक शाखा | ▪ लैससास सम्बन्धी बनेका नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न बिंभिन्न सरकारवाला निकाय विच समन्वय तथा सहकार्य गर्ने<br>▪ लक्षीत वर्ग समुदायको क्षमता विकासका योजना माग गरी कार्यान्वयन गर्ने<br>▪ जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ लैससास सम्बन्धी बनेका राष्टिय कानुन तथा नीति र अन्तराष्टिय प्रावधानहरुको बारेमा जानकारी गराई कार्यान्वयन गर्नका लागि क्षमता बिकास कार्यक्रम तय गरी संचालन गर्ने ।<br>▪ लैससासको क्षेत्रमा बिनियोजन भएको बजेट तथा योजना समयमै सम्पन्न गर्न पहल गर्ने । |
| अन्य सवै विषयगत शाखाहरु | ▪ योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता अनिवार्य गर्ने ।<br>▪ लैससासमैत्री संरचनाको व्यवस्था र सेवा प्रवाह प्रणालीको विकास गर्ने ।<br>▪ शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका मानविय बिकास र सुरक्षाका विषयमा संवेदनशिलता अवलम्वन गर्ने ।<br>▪ लैससास इकाई र लैससास सम्पर्क व्यक्तिसंगको निकटतम समन्य र परामर्श अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने ।<br>▪ सेवा प्रवाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा लाभ एवं अवसरको बाँडफाँडमा न्यायोचित वितरण प्रणाली अवलम्बन गर्ने । |
| वडा समिति | ▪ वडा तहमा लक्षीत वर्ग समुदायको पहिंचानका लागि खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गर्ने ।<br>▪ योजना छनौट गर्दा लक्षीत वर्ग समुदायसंग अलग अलग भेलाबाट छलफल गरी उनीहरुको अवस्था विश्लेषण तथा रणनीतिक र व्यवहारिक आवश्यकताको आधारमा योजना छनौट र प्राथमिकिकरण गर्ने |



Scanned with CamScanner

| | |
|---|---|
| | ▪ टोल बस्तीस्तरमा लैससमा सम्बन्धी जनचेतना अभिबृद्धिका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>▪ लक्षीत बर्ग समुदायको नेतृत्व विकास तथा क्षमता विकासका योजना छनौट गरी कार्यान्वयन गर्ने । |
| न्याय तथा सुरक्षासंग सम्बन्धीत निकाय (जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रसाशन कार्यालय, जिल्ला तथा इलाका प्रहरी कार्यालय, महिला सेल) | ▪ घरेलु हिंसा, यौनजन्य हिंसा लगायत शोषण पिडित तथा प्रभावितहरुलाइ न्यायमा पहुँच सुनिश्चित गर्ने ।<br>▪ हिंसा पिडित तथा प्रभावित र साक्षीको सुरक्षाको ग्यारण्टी गर्ने ।<br>▪ अनुसन्धान प्रक्रिया छिटोछरीतो बनाउने ।<br>▪ पिडितलाई तथा प्रभावितलाई संरक्षण प्रदान गर्ने<br>▪ पिडित तथा प्रभावितहरुलाई न्याय दिने<br>▪ घट्ना अनुसन्धान गरी प्रमाणका आधारमा अदालतमा मुद्दा दर्ता गर्ने । |
| शिक्षण संस्था, | ▪ बालमैत्री बिद्यालय र बालमैत्री व्यवहार अवलम्वन गर्ने<br>▪ बालमैत्री शिक्षँण सिकाई अवलम्वन गर्ने<br>▪ बालबालिका र अबिभावक बिच नियमित अन्तरक्रिया राखी वालविबाह, वालयौन दुरव्यवहार लगायतका विषयमा अन्तरक्रिया संचालन गर्ने । |
| जिल्ला अस्पताल र स्वास्थ्यकेन्द्र | ▪ महिला, बालवालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका जनसाधारणलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने ।<br>▪ मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य लैंगिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मनोविमर्श सेवाको ब्यबस्था गर्ने । |
| टोल विकास संस्था | ▪ टोलवस्तीमा योजना तर्जुमा प्रक्रिया समावेशी तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने<br>▪ समुदाय तहको विकास निर्माण तथा योजना कार्यान्वयनमा लक्षीत बर्ग समुदायको सहभागिता सुनिश्चित गर्ने<br>▪ लक्षीत बर्ग समुदायको घरपरिवार तथा व्यक्ति पहिँचानका लागि खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गर्न वडा कार्यालयलाई सहयोग गर्ने ।<br>▪ गरिव तथा बेरोजगार व्यक्तिहरुका तथ्यांक संकलन गरी वडालाई जानकारी गराउने ।<br>▪ लैंगिक तथा घरेलु हिंसा, बाल विबाह, बाल श्रम, छाउपडी प्रथा जातीय विभेद लगायतका सामाजिक कुरीति हटाउन जनचेतनामूलक कार्यक्रम |

| | |
|---|---|
| | माग गरी कार्यान्वयन गर्ने ।<br>▪ लैससासमैत्री कार्यप्रणाली र संरचना निर्माणका लागि वडा तथा गाउँपालिकामा नियमित पैरवी तथा वकालत गर्ने । |
| लक्षीत समूह तथा संजालहरु<br><br>(महिला संजाल, उपभोक्ता समिति, दलित, बालबालिका, ज्येष्ठनागरिक सञ्जाल, आमा समूह, महिला समूह तथा सहकारी संस्था आदि) | ▪ प्रमुख सरोकारका लक्षीत समूहहरुको सवाल एवं समस्या तथा आवश्यकताका सम्बन्धमा खण्डिकृत तथ्यांक संकलन गरि आवश्यक सुचना उपलब्ध गराउने<br>▪ समाजमा बिद्यमान बिभेदकारी प्रचलन तथा असमानताका बिरुद्ध अभियान संचालन गर्न योजना बनाई माग गर्ने ।<br>▪ उनीहरुका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चत गर्न माग गर्ने । योजना तर्जुमा चरण देखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रुपमा नियमित समन्वय र सहकार्य गर्ने वा गर्न गराउन वकालत गर्ने । |
| गैरसरकारी संघसंस्थाहरु ( किडांक नेपाल, क्याड नेपाल, सेडा नेपाल, पेस नेपाल) | ▪ कानुनहरुको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ लक्षीत समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण गर्ने ।<br>▪ योजना तर्जुमा, कार्यान्बयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैङ्गिक हिंसा , घरेलु हिंसा र विभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| निजी क्षेत्र( विकास बैंक, वित्तिय संस्था र उद्योग वाणिज्य संघ आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने वस्तु तथा सेवाहरुमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरुमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>▪ महिला, विपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ विभिन्न उद्यमीहरुबाट उत्पादित बस्तुहरुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने । |

| | |
|---|---|
| | ▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>▪ गाउँपालिकासंग समन्वय गरी लक्षीत वर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| प्रदेश तथा संघीय सरकार | ▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधानहरुलाई स्थानीयकरण गर्न गाउँपालिका लगायत सरोकारवालाकहरुको क्षमता विकास गर्ने ।<br>▪ लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरु पुनरावलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>▪ नियमित लैंगिक उत्तादायी वजेट निर्माण र लैससमा परिक्षण गर्न क्षमता बिकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| विकास साझेदारहरु<br><br>(प्लान नेपाल, युनिसेफ आदि ) | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, बिपन्न लगायत पछाडी पारिएका बर्ग समुदायहरुको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रमहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन हुने गरी क्रियाकलापहरु तय गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सवै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |



Scanned with CamScanner

## २.४. हिमा गाउँपालिको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण

पचालभ्रूरना गाउँपालिकाले लैगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको (SWOT Analysis) निम्न तालीकामा प्रस्तुत गरिएको छ ।

| सबल पक्ष | कमजोर/सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| ▪ बाल संरक्षण नीति निर्माण भई लागु छ ।<br>▪ अपांगाता परिचयपत्र बितरण कार्यविधि २०७६ निर्माण भई लागु भएको छ ।<br>▪ महिला बालबालिका लगायत पछाडी पारिएको समुदायको लागि बजेट बिनियोजन भई कार्यान्वयन भएको छ ।<br>▪ जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनाई कार्यान्वयन भएको<br>▪ गरिबलाई लक्षीत गरी प्रधानमन्त्री रोजगार कार्यक्रम सचालीत छ ।<br>▪ न्यायीक समिति क्रियाशिल छ ।<br>▪ छोरी सुरक्षा कार्यक्रम लागु भएको छ<br>▪ विद्यालयमा छात्राहरुलाई सेनीटररी प्याड बितरण गरिएको छ ।<br>▪ महिला स्वयमसेविकाहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम सचालीत छन् । | ▪ सबै सार्वजनिक निकायमा लैससास मैत्री संरचना वा पुर्वाधार हुनुपर्ने<br>▪ लैससास सम्बन्धित गुनासो सुनुवाई संयन्त्रको व्यबस्था गर्नुपर्ने ।<br>▪ लैगिक उत्तरदायि बजेट कार्यन्वयन भए नभएको विश्लेषण गरिंनु पर्ने ।<br>▪ बालबालिकाको लागि गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा स्तनपान कक्षको स्थापना र व्यवस्थापन गरिनु पर्ने<br>▪ गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा लैगिक मैत्री शौचालय र स्यानीटरी प्याडको व्यवस्था हुनु पर्ने<br>▪ कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका कार्यक्रम हुनु पर्ने<br>▪ महिला माथि हुने हिंसा अन्त्याको लागि लैससास मैत्री फैसला र न्यायमा सहज पहुँच हुनुपर्ने । | ▪ राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत तथा कानुनी व्यवस्थालाई आधार मानि स्थानिय नीति तथा कानुन बनाई लागु गर्न सकिने ।<br>▪ यस गाउँपालिकामा विभिन्न गैरसरकारी संस्था र दातृ निकायको सहयोग रहेकोले लक्षीत समूहमा सहकार्यमा काम गर्न सकिने ।<br>▪ लक्षीत समूह पहिचान र सो अनुसार कार्ययोजना बनाउन टोलविकास संस्था परिचालन गर्न सकिने<br>▪ लक्षीत समूह संजाल मार्फत योजना माग गरी | ▪ बनेका ऐन नियमको प्रभावकारी कार्यान्वयन<br>▪ भौगोलिक बिकटता हुनु ।<br>▪ बाल बिबाहको अन्त्य<br>▪ छुई प्रथा कायमै ।<br>▪ लैगिक हिंसा तथा जातिय बिभेद कायमै छ ।<br>▪ नीति कार्यक्रमको सम्बन्धमा लक्षित समूहलाई सुसुचित गराउने ।<br>▪ पितृसतात्मक सोचाइ परिवर्त गर्न नसक्नु<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको अर्थपूर्ण सहभागिता ।<br>▪ नेतृत्व तहमा लैगिक तथा समाबेशी प्रतिनिधित्व । |

| | | | |
|---|---|---|---|
| ■ बाल विवाह र महिला हिंसा विरुद्ध अभियान संचालन क्याड नेपालसंगको साझेदारीमा ।<br>■ सामाजिक लेखा परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई नियमित छ । | ■ बालविवाह, छाउपडीप्रथा, छुवाछुत तथा लैङ्गिक हिंसाको अन्त्य कालागि नियमित अभियानमुखि कार्यक्रम सञ्चालन गरिनु पर्ने ।<br>■ प्रजनन् स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन हुनु पर्ने ।<br>■ स्तनपान कक्ष ब्यवस्था ।<br>■ मनोबिमर्श सेवा लागु गर्ने ।<br>■ घरमा सुत्केरी गराउने संख्या अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम र आवश्यक पूर्वाधार तथा जनशक्तिको ब्यवस्थापन गर्ने ।<br>■ गलत सामाजिक अभ्यास र सामाजिक कुरिति प्रोत्साहनमा कर्मचारी र जनप्रतिनिधिको अप्रत्यक्ष संलग्नतालाई हटाउनु पर्ने ।<br>■ लैससास दृष्टिले अनुगमन मूल्याङ्कन गरि प्रभाव विश्लेषण सहितको प्रतिवेदन तयार गरी सोको आधारमा बार्षिक नीति तथा कार्यक्रम तयार हुन पर्ने । | कार्यान्वयनमा लैजान सकिने ।<br>■ महिला सञ्जाललाई क्रियाशिल बनाई परिचालन गर्न सकिने ।<br>■ बाल संजाल, किशोरी सञ्जाल गठन गरी परिचालन गर्न सकिने ।<br>■ जेष्ठ नागरिक सञ्जाल, दलित सञ्जाल, अपाङ्ग सञ्जाल गठन भई परिचालित छन् ।<br>■ गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा लैससास विषय सम्बोधन गर्दै लैजान सक्ने ।<br>■ लैससास विषयमा बार्षिक कार्ययोजना बनाई काम गर्न सकिने ।<br>■ संघ प्रदेश तथा स्थानीय तहको सहयोग र समन्वयले निरन्तरता पाउनु । | ■ लक्षीत बर्ग, समुदायमा सामाजिक चेतना तथा ज्ञान सिप र क्षमताको कमी । |

२.५. गाउँपालिका तथा वडास्तरका लैससास सम्बन्धी पहिँचान गरिएका प्रमुख सवालहरु

१) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी गाउँपालिकाको नीति, कार्यविधि तथा रणनीति नहुनु ।

२) गाउँपालिकाको लैससास उत्तरदायी बजेट तथा योजना बिनियोजन हुन नगरेको ।

३) गाउँपालिकाको नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा महिला लगायत लक्षीत बर्ग समुदायको न्यून पहुँच

४) गाउँपालिकाले लक्षीत समूहका लागि निश्चित प्रतिशत बजेट बिनियोजन नगरेको ।

५) गाउँपालिकाको खण्डिकृत तथ्यांक अद्यावधीक नहुनु ।

६) लैंगिक बिभेद, छाउपडी प्रथा, जातीय बिभेद, लैंगिक हिंसा, बाल श्रम, बाल विवाह लगायतका प्रमुख सवालहरु विद्यमान छन् ।

७) सहभागितामूलक योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली लैससासमैत्री नहुनु ।

८) बिशेष संरक्षण तथा हेरचाहको आबश्यकता भएका हिंसा पिडित महिला तथा किशोरी, बालबालिका, जेष्ठ नागरीक लगायत असाह्यहरुलाई बैकल्पीक हेरचाहको व्यवस्था नभएको ।

**२.६. गाउँपालिकाको लैससास रणनीतिको लक्षित कार्यक्षेत्रहरु**

लैससास सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन र नीतिहरुलाई स्थानीयकरण गरी लक्षीत बर्ग समूदायलाई विकासको मूलप्रवाहमा समावेश गर्नका लागि यस गाउँपालिकाको लैससास रणनितिमा लक्षीत गरिएका कार्यक्षेत्रहरु निम्न बमोजिम छन्

**(१) .नीति कानुन तथा योजना निर्माण तथा परिमार्जनन ::**

गाउँपालिकाको विद्यमान नीति तथा कानुन र योजनाहरु समिक्षा गरी लैससासमैत्री हुने गरी सुधार गर्दै जाने र आवश्यकता अनुसार लैससास सम्बन्धी नया **नीति** तथा कार्यविधि निर्माण गरिने छ । त्यसैगरी पालिकाको बार्षिक योजना निर्माण तथा कार्यान्वयन र अवसरहरुमा समावेशी पहुँच वृद्धि गरी हरेक संरचनामा समावेशी सहभागिता सुनिश्चित गर्ने ।

**२) विकासमा मूलप्रवाहिकरण::**

गाउँपालिकाभित्र रहेका समग्र महिला, एकल महिला, अपांग, दलित, गरीब लगायत वञ्चितिकरणमा वहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखाको आधारमा उनीहरुको सिप तथा क्षमता विकास गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा मुलप्रवाहिकरण गरिनेछ ।

**३) संस्थागत संरचना र लैससासमैत्री सेवा प्रबाह प्रणाली**

गाउँपालिका लगायत यस क्षेत्र भित्रका सबै सर्वजनिक निकायहरु लैससामैत्री बनाउन महिला पुरुषको अलग अलग सौचालय, स्तनपान कक्ष, बालमैत्री तथा अपांगमैत्री संरचना आदि निर्माणका लागि कार्यविधि बनाई

लागु गर्न गराउने । त्यसैगरी सबै प्रकारका लक्षीत वर्ग समुदायलाई सार्वजनिक स्रोत तथा सेवामा पहुँच बढाउन क्षमता विकास साथै गाउँपालिकाको समग्र विकासका लाभहरुको न्यायोचित वितरण प्रणाली सुनिश्चित गर्ने ।

**(४) आर्थिक, सामाजिक र राजनितिक सशक्तिकरण**

क) लक्षित वर्ग/समूहलाई श्रोत र साधनमा पहुँच सुनिश्चित र अर्थपूर्ण सहभागिताका लागि क्षमता तथा नेतृत्व विकास र आयआर्जन क्रियाकलाप मार्फत आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरण गरिनेछ ।

ख) सामाजिक संरक्षण र सुरक्षा विशेषगरि बाल-बालिका,जेष्ठ नागरिक, अशक्त तथा अपांगता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गरिनेछ ।

ग) बिभिन्न समयमा आउने बिपद तथा महामारी हुन सक्ने विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा र बाल हिंसालाई ध्यानमा राख्दै पूर्व तयारी तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

**(४) समन्वय, सहकार्य र साझेदारी**

लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, लगायत जिल्ला तह र स्थानीय तहमा क्रियाशिल सम्बन्धीत सरकारी तथा गैरसरकारी र नीजि क्षेत्रका निकायहरुसिंग आवश्यकता अनुसार समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

**(५) अनुगमन तथा मूल्यांकन:**

गाउँपालिका सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन प्रणालीको व्यवस्था गरी संस्थागत गर्दै लगिनेछ ।

**च) सुचना तथा संचार ::**

गाउँपालिकाको सुचना प्रणालीलाई लैससासमैत्री बनाउन समुदाय तहसम्म तत्काल सुचना सम्प्रेपणका उपायहरु अवलम्न गर्ने । त्यसैगरी सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण लगायतका कार्यलाई निरन्तरता दिने ।

**२.७. लैससास रणनीतिको कार्यअबधी :**

हिमा गाउँपालिकामा विद्यमान आर्थिक, सामाजिक, राजनैतिक अवस्थाको विश्लेषण लगायत यस गाउँपालिकाले लैससास क्षेत्रमा प्राप्त गरेका उपलब्धी र लैससासमैत्री बनाउनका लागि अझै गर्नुपर्ने सुधारका पक्ष र विद्यमान लैसयास सम्बन्धी सवालहरु सम्वोधनका लागि लैगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनीति निर्माण गरी लागु गरेको हो । यस लैससास रणनीतिको अबधी आर्थिक वर्ष २०७९।०८० देखि २०८३।०८४ सम्म ५ बर्षको हुनेछ ।

परिच्छेद ३: लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता, औचित्यता प्रमुख रणनीति तथा कार्यनीति र कार्ययोजना

**३.१. लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना:**

"लैगिक समानता र सामाजिक समावेशीमैत्री कार्यप्रणाली र व्यवहार, हिमा गाउँपालिकाको समग्र बिकासको मूल आधार" ।

**३.२. ध्येय:**

समाजमा बिद्यमान लैगिक बिभेद, असमानता, कुरीति र अन्याय बिरुद्ध प्रचलित संविधान र कानूनले प्रत्याभूत गरेका हक, अधिकारहरु सबै बर्ग, क्षेत्र, जातजाती, लिंग र अवस्थाका व्यक्तिहरुले निर्बाध रुपमा उपयोग गर्ने बातावरण निर्माण भएको हुनेछ ।

**३.३. लक्ष्य:**

आगामी ५ वर्षभित्र सबै प्रकारका लक्षित समूहका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णयक भूमिकामा प्रतिनिधित्व लगायत बिभिन्न अवसरहरुमा समावेशी पहुँच सुनिश्चित गरी लैंगिक तथा सामाजिक समावेशीकरणमैत्री गाउँपालिका बनाउने ।

**३.४. रणनीतिकउदेश्यहरु:**

३.४.१. बिपन्न तथा बञ्चित समूहको आर्थिक सामाजिक शसक्तिकरण भएको हुनेछ ।

३.४.२. लक्षीत समूहबाट हरेक सार्वजनिक संरचनाहरुको निर्णायक भूमिकामा समावेशी प्रतिनिधित्व सुनिश्चित भएको हुनेछ ।

३.४.३. लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत लगायतका हानीकारक गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ ।

३.४.४. समाजमा बिद्यमान बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य भएको हुनेछ ।

३.४.५. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयन भएको हुनेछ ।

**३.५. लैससास रणनीतिको औचित्यता :**

संविधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु परिवर्तन गर्नु जरुरी छ । लैससास रणनीतिले गाउँपालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा व्यक्ति, परिवार र समाजको सोंच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रवाहमा समावेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु स्थानीयकरण गरि लगु गर्न गराउन आवश्यकता महशुस गरी पचालभरना गाउँपालिकाले लैंगिक समानता



Scanned with CamScanner

तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गरेको छ । लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छ ।

क) लैससास सम्बन्धी प्रावधानहरुलाई स्थानीयकरण गरी विकासको मूलप्रवाहमा लक्षीत समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न मार्गनिर्देश गर्दछ ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आवश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका विभेद हटाई समान पहुँच र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्रावधानहरुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्बन गर्न आधार तय गर्दछ ।

ङ) लैससासाको अवधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा विकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससासमैत्री व्यवहारको अवलम्बन गर्न अभिप्रेरीत गर्दछ

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु विच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एव कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ ।

**१.६. लैससास मूलप्रवाहिकरण रणनीतिको मुल्य मान्यता :**

हिमा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्यमान्यताहरुलाई आत्मसात गरिनेछ ।

**क). विभेद रहित ::** यो रणनीति उपयोगको क्रममा लिंग, जातजाती, क्षेत्र, शारिरिक अवस्था, आर्थिक अवस्था लगायत कुनै पनि आधारमा कसैलाई पनि विभेद गरिने छैन ।

**ख) सुन्य सहनशिलता अवलम्बन :** समाजमा विद्यमान सबै प्रकारका विभेद तथा लैंगिक हिंसा विरुद्ध सुन्य सहनशिलता अवलम्बन ।

**ग). सारभुत समानता :** सबै प्रकारका लक्षीत वर्ग समुदायलाई विकासका अवसर तथा नतिजामा समान पहुँचको अवस्थालाई आत्मसात गरेको छ ।

**घ) सकारात्मक विभेद : :** सबै प्रकारका लक्षीत वर्ग समुदायलाई विकासको मूल प्रवाहमा समाहित गर्न न्यायोचित वितरण प्रणाली अवलम्वनद गर्ने नीति लिएको छ ।

**ङ) समावेशी र अर्थपुर्ण सहभागिता :** नीति निर्माण तह लगायत स्थानीय तहका हरेक संरचनामा सबै प्रकारका लक्षीत वर्ग समुदायको सक्रिय सहभागिता बढाउन क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिने ।

**च) समन्वय र सहकार्य :** लैससासमैत्री शासन व्यवस्था र कार्य प्रणाली अवलम्बन गर्न स्थानीय तहमा क्रियाशिल सबै सरोकारवाला निकाय विच नियमित समन्वय र सहकार्य गर्ने ।

## ३.७ प्रमुख रणनीति तथा कार्यनीतिहरु

संघिय सरकारले लैससास क्षेत्रमा जारी गरेका नीति तथा कानुनहरुको स्थानीयकरण गरी गाउँपालिका तहका लैससासका प्रमुख मुद्दाहरूलाई सम्बोधन गरी लैससासमैत्री गाउँपालिका स्थापना गर्न यस रणनीतिले सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार गाउँपालिकालाई प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ वर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९" तयार गरिएको हो । यस रणनीतिको सफल कार्यान्वयनबाट गाउँपालिकावासीहरूले लैंगिक विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चितता र अवसरहरुमा समावेशी पहुँच सुनिशिचत हुनेछ भन्ने विश्वास लिइएको छ ।

**रणनीति ३.७.१.**

आयआर्जन तथा स्वरोजगार मार्फत लक्षित समूहको जिविकोपार्जनमा सुधार ल्याउने ।

**कार्यनीति**

१) गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत विपन्न तथा वञ्चित समूहका लागि सिपमूलक कार्यक्रम र आवश्यक प्रबिधि उपलब्ध गराउने ।

२) लक्षीत समूहले गर्दै आएका परम्परागत पेशाहरुको परिमार्जन तथा सुधार गर्ने गरी बार्षिक योजना तथा कार्यक्रम बनाई लागु गर्ने ।

३) विपन्न एवं वञ्चित समूहका लागि बार्षिक रुपमा निश्चित प्रतिशत वजेटको व्यवस्था अनिवार्य गर्ने ।

४) गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवं सामाजिक रुपले पछाडी परेका विपन्न र वञ्चित समुदायको सहभागिता वढाउन क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

५) गृहणी महिलाहरुलाई उत्पादनमूलक कार्यमा आकर्षण वढाउन महिला उत्थान कार्यक्रम तथा योजना बनाई संचालन गर्ने ।

६) कृषि तथा पशुपालनमा आधारीत व्यवसाय स्थापना तथा प्रवर्द्धन का लागि वार्षिक निश्चित प्रतिशत वजेट र योजना बिनियोजन अनिवार्य गर्ने ।

७) स्थानीय उद्योग तथा व्यवसाय विस्तारका लागि आवश्यक सिप र प्रविधि वितरण साथै उत्पादित वस्तु तथा सेवाको वजारीकरण व्यवस्था गर्ने ।

**रणनीति ३.७.२**

नीति निर्माण तथा निर्णायक तहमा लैंगिक तथा समावेशी रुपले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति**

१) लक्षीत समूहका मानिसहरुलाई निर्णायक भूमिका वहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरी गर्ने ।

२) स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरु र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरुको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

३) टोल, वडा हुदै गाउँपालिका तहका संरचनाहरुमा लैंगिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले कार्यविधि बनाई लागु गर्ने गराउने ।

४) विभिन्न अवसर तथा सेवा प्रवाहमा लक्षीत समूहको पहुँच बृद्धि गर्न सुचना प्रवाह संयन्त्र वा प्रणाली व्यवस्थीत र प्रभावकारी बनाउने ।

५) खण्डीकृत तथ्यांकको आधारमा पहिँचान भएका लक्षीत समूहको क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने ।

रणनीति ३.७.३.

**लैंगिक हिंसा र छाउपडी प्रथा बिरुद्ध सुन्य सहनसिलता अवलम्वन गर्ने ।**

**कार्यनीति**

१) लैंगिक हिंसा मुक्त गाउँपालिका घोषणाका लागि आवधीक कार्य योजना बनाई लागु गर्ने गराउने ।

२) ~~छाउपडी प्रथा मुक्त गाउँपालिका घोषणाका~~ लागि कार्य योजना बनाई लागु गर्ने ।

३) लैंगिक हिंसा तथा यौनजन्य दुरव्यवहार विरुद्ध आचार संहिता बनाई सबै सार्वजनिक निकायमा टाँस गर्ने ।

४) लैंगिक हिंसा तथा छाउपडी प्रथा विरुद्धका अभियानहरु संचालनका लागि सरोकारवाला बिच समन्वय र सहकार्य विस्तार गर्ने ।

३) गाउँपालिकाको वार्षिक नीति तथा योजनामा लैंगिक हिंसा र छाउपडी प्रथा विरुद्ध अभियानका लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने ।

४) जनचेतनाभूलक अभियान व्यापक बनाउन टोलवस्ती सम्मको संरचना बनाई परिचालन गर्ने ।

**रणनीति ३.७.४.**

लैंगिक विभेल तथा हानीकारक सामाजिक मुल्य मान्यता र कुरिती विरुद्ध वकालत क्षमता बढाई पिडित तथा प्रभावितहरुको न्यायमा पहुँच बढाउने ।

**कार्यनीति**

१) लैंगिक हिंसा, घरेलु हिंसा, लैंगिक विभेद जस्ता मानविय तथा सामाजिक अपराध विरुद्धका कानुनी प्रावधानहरुको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित संचालन गर्ने ।

२) लैंगिक हिंसा तथा घरेलु हिंसा पिडित तथा प्रभावितहरुलाई न्यायिक उपचारको अवधीभर सुरक्षीत आवासका लागि सुरक्षीत आश्रयस्थलको व्यवस्थापन गर्ने



Scanned with CamScanner

३) लैंगिक हिंसा पिडितहरुको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्वन सुनिश्चत गर्न लैंगिक हिंसा विरुद्धको कोष परिचालन गर्ने ।

४) समाजमा विद्यामान जातीय विभेद,सामाजिक असमानता,, लैङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गर्ने ।

५) किशोरी लक्षीत आत्मरक्षा सम्बन्धी क्षमता विकास तालीमको योजना बनाई लागु गर्ने ।

रणनीति ३.७.५.

बालमैत्री स्थातीय शासन प्रवर्द्धन गर्ने ।

कार्यनीति

१) सबै सार्बजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यविधि बनाई लागु गर्ने ।।

२) सबै विद्यालयहरुमा बालबालिकाको लागि अलग सौचालय र सेनिटरी प्याडको व्यवस्था नियमित र अनिवार्य गर्ने ।

) भय तथा त्रास रहित वातावरणमा पठनपाठन तथा शिक्षँण सिकाई व्यवस्थापन गर्ने ।

) बालमैत्री तथा बालसंबेदनशिल व्यबहार अबलम्बनका लागि परिवार, समाजलगायत सबै सरोकारवालाको क्षमता विकासका लागि तालीम तथा अभिमूखिकरण गर्ने ।

) बाल संजाल तथा बाल क्लव विस्तार गरि परिचालन गर्ने ।

) गाउँपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्बयन गर्ने गराउने ।

) बालबालिकको पुर्णखोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम संचालन गर्ने

) सबै सार्वजनिक निकायहरुमा स्तनपान कक्ष व्यबस्थापन सम्वन्धी कार्यविधि बनाई लागु गर्ने गराउने ।

) सबै सार्वजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यविधि बनाई लागु गर्ने गराउने ।

१०) विद्यालय तहमा बालवालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका बिभेद विरुद्ध कानुनी साक्षरता कक्षा संचालन गर्ने ।

११) बालमैत्री व्यवहार अवलम्वनका लागि सबै सरोकारवाला विच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम संचालन गर्ने ।

रणनीति ३.७..६

बाल बिवाह अन्त्य भएको गाउँपालिका घोषणा गर्ने ।

कार्यनीति

) बाल बिवाह बिरुद्ध गाउँपालिकाले निर्माण गरेको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वियन गर्ने गराउने

२) सरोकारवाला बिच समन्वय र सहकार्य विस्तार गरी बाल विवाह विरुद्ध जागरण अभियान सञ्चालन गर्ने ।

३) बाल बिबाह विरुद्ध सामाजिक बहिष्कार बढाउने

४) बाल बिबाहलाई कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्वन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

रणनीति ३.७.७.

लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधानहरुको स्थानीयकरण गरी लागु गर्ने ।

कार्यनीति

१) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान अनुरुप स्थानिय कानुन तथा र कार्यबिधि बनाई लागु गर्ने गराउने ।

२) नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय कानून, सन्धी, महासन्धी र सम्झौताहरुको बारेमा गाउँपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।

३) महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानूनहरु र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिवद्धता जनाएका मानवअधिकार, CEDAW, CRC, BPFA लगायतका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागिं सचेतनामुलक अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने ।

४) दिगो विकास एजेण्डा, २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरु र उक्त लक्ष्य अन्तर्गतका सूचकहरु साथै दिगो विकास लक्ष्य नं. ५ ले निर्दिष्ट गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बारेमा गाउँकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा वार्षिक नीति तथा कार्यक्रम र बजेटको विनियोजनमा प्राथमिकता दिने ।

५) शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्वन्द्व र द्वन्द्व पश्चात हुने हिंसावाट प्रभावितहरुको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदवाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सवै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराउने ।

६) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरुको बारेमा गाउपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुर्व्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गर्ने ।

रणनीति ३.७.८.

लैससासमैत्री संयन्त्र र सेवा प्रवाह सुनिश्चित गर्ने ।

कार्यनीति

१) गाउँपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवाला बीच नियमित समन्वय तथा सहकार्य गर्ने

२) लैससास इकाई/शाखा स्थापना गर्ने ।

३) गाउँपालिकाको लैससास इकाई/शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

४) गाउँपालिकाका सवै संयन्त्रहरु र गाउँपालिका भित्रका सवै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

५) गाउँपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरुबाट संचालित योजना तथा कार्यक्रमहरुको बार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

६) गाउपालिकाका सबै वडाहरुका बस्तीहरुमा महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गर्ने ।

७) महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरुको सञ्जाल निर्माण गरी परिचालन गर्ने ।

**णनीति ३.७.९.**

अनुगमन तथा मुल्यांकन र सुचना प्रणाली व्यवस्थीत गर्ने ।

**कार्यनीति**

परिक्षण कार्यलाई नियमित गर्ने
१) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण
गन । तहको लैससास अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ,।
२) वडा तह र गाउँपालिका लैससास उत्तरदायि वनाउन सम्वन्धी वडा तथा विषयगत
३) गाउँपालिकाका नीति तथा योजना र कार्यक्रम निर्देशन गर्ने ।
शाखाहरुसंग नियमित समन्वय र आबश्यक उपलब्धी लैससासमैत्री भए नभएको
४) गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमबाट भएको सुझाव दिने ।
मुल्यांकन गरी आबश्यक

३.९ हिमा गाउँपालिकाका लसमास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना

| रणनीतिक उदेश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयावधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने /नेतृत्व लिने |
|---|---|---|---|---|
| ३.४.१. बिपन्न तथा बञ्चित समूहको आर्थिक सामाजिक शसक्तिकरण भएको हुनेछ । | १. महिला र विपन्न लक्षित बर्गलाई सहयोग पुग्ने गरि सिपमूलक तालिमको व्यवस्था गर्ने ।<br>२. सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य अधिकार लाई सुनिश्चित गर्ने जनचेतनामूलक शिविरहरु सञ्चालन गर्ने ।३ महिला सहकारी संस्थालाई उत्पादनमुलक व्यवसाय तथा सोरोजगार क्षेत्रमा प्रेरित गर्नका लागि बजेट व्यवस्था गरि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय स्तरमा उपलब्ध स्रोत साधनहरु उपयोग र लाभ प्राप्तीमा लक्षित वर्गको पहुँच बृद्धिका लागि क्षमता बिकास र जनचेतनाका कार्यक्रम संचालन गर्ने ।<br>४. लक्षित वर्गको खण्डिकृत तथ्याङ्कको आधारमा निश्चित प्रतिशत रकम विनियोजन गरि आवश्यकता अनुसारको कार्यक्रम सञ्चालन गरिने छ ।<br>५) खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर कार्यान्वयन गर्ने । | लक्षीत गरिएका महिला, दलित, अपाङ्ग, जनजाती, एकल महिला, अतिविपन्न, दुर्गम बस्तीका समुदाय आदि । | ▪ गाउँकार्यपालिका,<br>▪ सुचना शाखा,<br>▪ महिला तथा बालबालिका शाखा |
| ३.४.२. लक्षीत समूहबाट हरेक सार्वजनिक संरचनाहरुको निर्णायक भूमिकामा समावेशी | ▪ महिला, एकल महिला, दलित, अपांग लगायत बञ्चित बर्ग समुदायहरुको नेतृत्व क्षमता बिकास सम्बन्धी बार्षिक कार्ययोजना बनाई लागु गर्ने ।<br>▪ गाउँपालिकास्थित हरेक सार्वजनिक निकायमा लक्षीत समूहको समावेशी प्रतिनिधित्वको लागि निश्चित प्रतिशत संख्या सुनिश्चित गर्न कार्यविधि बनाई लागु गर्न गराउने ।<br>▪ बिभिन्न अवसर तथा सेवा प्रबाहमा लक्षीत समूहको पहुँच बृद्धि | आ.व. २०७९।०८० देखि निरन्तर | सबै प्रकारका बालबालिका, अति बिपन्न तथा असाह्य बालबालिका, अपांग बालबालिका, दुर्गम | गाउकार्यपालिका, महिला बालबालिका शाखा, क |

| | | | | |
|---|---|---|---|---|
| प्रतिनिधित्व सुनिश्चित भएको हुनेछ । | गर्न सूचना प्रवाह संयन्त्र वा प्रणाली व्यवस्थापन [illegible] बनाउने | | [illegible] कर्तामा [illegible] बालबालिका । | |
| ३.४.३. लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत लगायतका हानीकारक गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ । | ☐ लैंगिक हिंसामुक्त गाउँपालिका घोषणाका लागि गाउँपालिकाको आबीधक कार्ययोजना बनाई लागु गर्ने गराउने ।<br>☐ घरेलु हिंसा तथा लैंगिक हिंसा बिरुद्ध कानुनी प्रावधानहरु बारे समुदाय तहमा कानुनी साक्षरता तालीम तथा अभिमूखिकरण संचालन गर्ने ।<br>☐ लैंगिक हिंसा बिरुद्ध आचारसंहिता बनाई सबै सार्वजनिक कार्यालयमा टाँस गर्ने ।<br>☐ गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र बनाई लागु गर्ने ।<br>☐ न्यायिक समिति लगायत मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमता बिकास गरी परिचालन गर्ने<br>☐ घरेलु हिंसा अन्त्यका लागि वडा तथा समुदाय तहमा जोडी तालीम तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>☐ मदिरा सेवनका कारण अधिकांस घरेलु हिंसा हुने भएकोले मदिरा बिक्रि बितरण तथा सेवनलाई नियमन गर्न गाउँपालिकाको कार्यविधि बनाई लागु गर्ने ।<br>☐ लैंगिक हिंसा र घरेलु हिंसा बिरुद्धका अभियान मार्फत टोल हुँदै वडा र गाउँपालिका घोषणाको कार्ययोजना बनाई लागु गर्ने ।<br>☐ सुरक्षीत मातृत्व र प्रजनन् अधिकार बारे महिला समूह, आमा समूह र सहकारीका सदस्यहरु बिच अन्त<br>☐ अति बिपन्न, असाह्य, ज्येष्ठ नागरीकका लागि निशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्ने ।<br>☐ जातिय छुवाछुत विषयमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>☐ दाईजो प्रथा, छुवाछुत प्रथा, धामीझाक्रि प्रथा, मदिरा नियमन | २०७९।०८० देखि निरन्तर | महिला, एकल महिला, असाह्य महिला, बालिका, किशोरी, मदिरा सेवान गर्ने पुरुष, होटल व्यवसाय,सबै सरोकारवाला निकाय । | ▪ गाउँकार्यपालिका,<br>▪ लैंसमास सम्पर्क व्यक्ति<br>▪ महिला बालवालिका शाखा |

| | | | | |
|---|---|---|---|---|
| | ■ सबै प्रकारका बिभेद, बाल बिबाह, बहुबिबाह लगायत सामाजिक अपराध बिरुद्ध जनचेतना अभिबृद्धि गर्न कानुनी साक्षरता कक्षा संचालन गर्ने । | | | |
| ३.४.४. समाजमा विद्यमान बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको अन्त्य भएको हुनेछ । | १) गाउँपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न गराउन वडा तहसम्मको बालबालिकाहरुको संयन्त्र बनाई परिचालन गर्ने ।<br>२) सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गर्ने ।<br>३) बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गर्ने ।<br>४) बालमैत्री संरचना निर्माण गर्न, गराउन कार्यविधि बनाइ लागु गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल निकाय, स्थानीय संजाल, स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि | गाउँकार्यपालिका, महिला तथा बालबालिका शाखा |
| ३.४.५. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ । | ■ लैङ्गिकमैत्रि बालमैत्री, अपांगमैत्री संरचना निर्माण सम्बन्धी गाउँपालिकाको कार्यविधि बनाई लागु गर्ने, गराउने ।<br>■ गाउँपालिकाका लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम तथा बजेट एकद्वार प्रणाली मार्फत कार्यान्वयन गर्ने व्यबस्था गर्ने ।<br>■ लैससास सम्बन्धी बनेका नीति तथा कानुन कार्यान्वयन गर्न गराउन सबै सरोकारवाला र लक्षीत समुह बिच अभिमूखिकरण मार्फत जानकारी गराई कार्यान्वयन गर्न निर्देशन तथा प्रोत्साहन गरिनेछ ।<br>■ अनुगमन मुल्यांकन प्राणालीलाई व्यवस्थित र नियमित गर्ने<br>■ गाउँपालिकाले हरेक वर्ष लैसस परिण कार्य दललाई निरन्तरता दिन आवश्यक बजेट तथा कार्यक्रम तय गर्नेछ । | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि । | गाउँकार्यपालिका, महिला तथा बालबालिका शाखा |

## परिच्छेद ४: लैससास रणनीति कार्यान्वयन तथा अनुगमन प्रणाली

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको संरचना, पद्धति, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिकाको लैससास नीति तथा रणनीतिले सरोकारवालाहरुको लागि निर्दिष्ट गरेको कार्यभूमिकाको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी र नियमित अनुगमन समेत गरिनेछ । गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । त्यसैगरी गाउँपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्वन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित तथा निर्देशन गर्नेछ । यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता विकास गरिनेछ ।

### ४.१. लैससास मूलप्रबाहीकरणका रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र :

गाउँपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैंगिकमैत्री बनाइनेछ । गाउँपालिकाको सबै संरचनाहरुमा संस्थागत व्यवस्थापन साथै परिचालन सम्वन्धी सिपको विकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातीक सहभागिता र समावेशीकरण प्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र व्यवस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

(ख) लैससास शाखा चलायमानका लागि लैंगिक सम्पर्क व्यक्ति (Gender Focal Person) नियुक्त गरी कार्यविवरण तोकीनेछ ।

(ग) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरु र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

(घ) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रवाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री बनाइनेछ ।

(ङ) लैससासमैत्री सुचना प्रणाली व्यवस्थापन गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्रका लैंगिक विभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने ।

(छ) वडास्तरको सबै वस्तीहरुमा सबै वर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता गराई टोल विकास संस्था गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक विकासका कार्यमा क्रियाशिल बनाउने ।



CamScanner

(ज) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरुको लाभ वितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका व्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

### ४.२.. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन :

गाउँपालिकाले लैससास रणनीति कार्यान्वयन कार्ययोजना कार्यान्वयनकालागि आवश्यक स्रोत संकलन तथा परिचालन गर्न निम्न प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

क) गाउँपालिकाको कूल स्रोत तथा बजेटको निश्चित प्रतिशत रकम लैससास क्षेत्रमा सुधारका लागि बिनियोजन गर्ने व्यबस्था मिलाउने ।

ख) गाउँपालिकामा लैससासको क्षेत्रमा क्रियाशिल सबै सरोकारवाला निकाय विच नियमित समन्वय र सहकार्य गरी स्रोत परिचालन गर्ने क्रममा एकद्वार प्रणाली अवलम्वन गर्ने ।

ग) लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु बीच अभिमूखिकरण गराई कार्यान्वयनका लागि निर्देशन गर्ने ।

घ) गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी तथा योजना निर्माण र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरुलाई आवश्यक समन्वय तथा निर्देशन गर्नेछ ।

ङ) गाउँपालिकाको सिमित स्रोतको अधिकतम उपयोग हुने गरी स्रोत परिचालन गर्दा बञ्चित समुदायलाई बिकासमा मूलप्रवासहकरण गर्न आवश्यकता र अवस्था अनुसार न्यायोचित वितरण प्रणाली अवलम्वन गर्ने ।

### ४.३. अनुगमन प्रणाली :

हिमा गाउँपालिकाबाट निर्माण गरिएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र रणनिति प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्न बार्षिक रुपमा लैंगिक समानता तथा सामजिक समावेशीकरण परिक्षण गर्नुका साथै गाउँपालिका र वडा तहमा अनुगमन संयन्त्र गठन गरि परिचालन गरिनेछ ।

### ४.३.१. अनुगमन संयन्त्र गठन तथा परिचालन :

हिमा गाउँपालिकाको 'लैंगिक तथा सामाजिक समावेशी रणनीतिले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीति र कार्ययोजनाहरुको कार्यान्वयन भए नभएको सम्वन्धमा नियमित अनुगमन गरि आवश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचिालन गरिनेछ । लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका विषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति र निकायको प्रतिनिधित्व रहने गरी लैससास रणनीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरी राष्ट्रिय कार्यविवरण तोकीएको छ ।

**(क) गाउँपालिकास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) लक्षमण बहादुर शाही गा.पा. अध्यक्ष | संयोजक |
| २) सुर्पना शाही, गा.पा. उपाध्यक्ष | सदस्य |
| ३) रण बहादुर बुढा, प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) परिलाल वि.क. कार्यपालिका सदस्य | सदस्य |
| ५) धनकोरा शाही , कार्यपालिका सदस्य | सदस्य |
| ६) समिता शाही, ~~किर्डाक नेपाल~~ सुरक्षा हिमा गाउँपालिका | सदस्य |
| ७) देवेन्द्र आचार्य, क्याट नेपाल | सदस्य |
| ८) राज्यलक्ष्मी रावल, महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य सचिव |

**(ख) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

१) लैससास कार्यान्वयन तथा अनुगमन समितिको बैठक संचालन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।

२) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक गर्ने ।

३) विभिन्न सरोकारवालाको सहभागितामा वार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

३) लैङ्गिक, सामाजिक, भौगोलिक, आर्थिक तथा सास्कृतिक दृष्टिले पछाडी परेका समूहको समग्र स्थितिको अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत सुधारका विषयमा गाउँसभमा सिफारिस गर्ने ।

४) लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आवश्यक सुझाव दिने ।

५) लैससास रणनीति तथा कार्यनीतिसंग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा आवश्यकता अनुसार सहयोग तथा समन्वय गर्ने र नियमित अनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीत विषयगत शाखा तथा निकायहरुलाई सुझाव पेश गर्ने ।

६) वडा तह र समग्र गाउँपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलन तथा विश्लेषण गरी सोही अनुरुप बार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्न योजना तर्जुमा समिति र गाउँसभामा सिफारिस गर्ने ।

७) लैससास बजेट परिक्षण कार्यदल संग समन्वय गरी वार्षिक रुपमा लैससास बजेट परिक्षण गर्न अभिप्रेरित गर्ने ।

८) लैङ्गिक हिंसा, घरेलु हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र र बैकल्पीक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

९) लैससास रणनीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि सुझावहरु पेश गर्ने ।

१०) लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउन बिभिन्न सरोकारवाला निकाय बिच नियमित समन्वय र साझेदारी गर्ने ।

**ग) वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) वडा अध्यक्ष | संयोजक |
| २) वडा समितिका सदस्यहरु | सदस्य |
| ३) सम्बन्धीत संघसंस्था व्यक्तिबाट २ जना (१महिला अनिवार्य | सदस्य |
| ४) वडा सचिव | सदस्य सचिव |

**घ) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम कर्तब्य र अधिकार**

१) लैंससास हिसावले वडा तहको खण्डिकृत तथ्याङ्क संकलन तथा नियमित अद्यावधीक गर्ने गराउने व्यवस्था मिलाउने ।

२) वडातहका योजना तर्जुमा छनौट प्रकृयामा विपन्न तथा बञ्चित वर्ग र महिलाहरुलाई अनिवार्य सहभागी गराउने वातावरण मिलाउने

३) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच तथा लाभ प्राप्तीमा समावेशी पहुँच सुनिश्चित गर्ने ।

४) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आवश्यक सुझाव दिने ।

५) गाउँपालिकाले लैससास रुणनीतिमा प्राथमिकिकरण गरेका लक्षीत समुहको आर्थिक सामाजिक र राजनैतिक शसक्तिकरणका लागि योजना तथा कार्यक्रम बनाई गाउँसभामा पेश गर्ने ।

६) वडास्तरमा संचाल्नीत योजना तथा कार्यक्रमहरु लैससासमैत्री भए नभएको अनुगमन गरी लैससास उत्तरदायी वनाउन पहल गर्ने ।

## ४.४. लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा जोखिम न्यूनिकरणका उपायहरु

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्बन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास रणनीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा विद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरिने छ ।

| संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|
| गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्बन्धी साझा बुझाई वा एकरुपता नहुन सक्ने । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसक्ने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमिताामा नपर्न सक्छ । | ▪ वार्षिक नीति तथा कार्यक्रम र योजनामा लैससास विषय समावेश गर्न आवश्यक नीतिगत व्यवस्थ ागर्ने ।<br>▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिवद्वता बारेमा जानकारी गराई लैससास विषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा वजेट तर्जुमाका लागि अभिमूखिकरण गर्ने<br>▪ गाउँपालिकाको लैससास परिक्षणलाई नियमित गर्ने । |
| लैससास रणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानवस्रोतको कमी हुन सक्छ । | ▪ गाउँपालिकाबाट मानव संशाधन क्षमता विकासका कार्यक्रम तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ मानव संशाधन विकास इकाई गठन तथा परिचालन |
| लैससास रणनीतिमा उल्लेखित प्रावधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्छ । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायोचीत वितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा वजेट विनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि एकद्वार प्रणाली अवलम्बन गर्न सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य वृद्धि गर्ने । |

| | |
|---|---|
| गाउँपालिकाको बजेट तथा कार्यक्रम र योजना लैससास उत्तरदायी तथा संवेदनशिल नहुन सक्छ । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । ▪ गाउँपालिकाका हरेक योजना तथा कार्यक्रमको लैससास उत्तरदायी बजेट मुल्यांकन कार्यलाई नियमितता दिने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्बन्धित योजना तथा कार्यक्रमहरु छनौटमा नपर्न सक्छ । | ▪ लक्षित वर्ग समुदायको अवस्था पहिचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने । ▪ योजना तर्जुमा प्रक्रियामा लक्षित वर्ग समुदायको अर्थपूर्ण सहभागिता वृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| विपन्न तथा वन्चितीकरणमा परेका वर्ग समुदायको आर्थिक सशक्तिकरणको कमी हुन सक्छ । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित वर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने । ▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क संकलन तथा अद्यावधीक नहुन सक्छ । | ▪ सबै वडा तहमा आर्थिक सामाजिक अवस्था तथा पहिँचान हुने गरी खण्डिकृत तथ्यांक संकलन गर्न आवश्यक बजेट तथा मानव स्रोतको व्यवस्थ ागर्ने । ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभर अवसरहरुमा लैंगिक तथा समावेशी पहुँचको कमी । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाउने । ▪ नियमित अनुगमनबाट औंल्याईएका सुधारका पक्षहरु कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई निर्देशन गर्ने । |
| लैंगिक विभेद, जातीय विभेद, लैंगिक तथा घरेलु हिंसा, छाउपडी प्रथा, बाल विबाह, बालश्रम लगायतका सामाजिक कुरीति तथा मान्यताहरु कायमै रहन सक्छन । | ▪ सामाजिक कुरीति तथा कुप्रथा अन्तइका लागि नीतिगत तथा कानुन व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने । ▪ लैंगिक तथा घरेलु हिंसा विरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्ने । ▪ सामाजिक जागरण तथा हिंसा विरुद्ध प्रतिकारात्मक क्षमता अभिबृद्धिका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |

### ४.५. कानुनी व्यवस्था तथा पुनरावलोकन

हिमा गाउँपालिकाद्वारा लैससास रणनीति निर्माणको क्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय कानुन तथा नीतिहरु र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिएको छ ।

### ४.५.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

हिमा गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैंगिक हिंसा विरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाइ आधार मानिने छ ।

### ४.५.२. नीतिको पुनरावलोकन तथा सुधार

हिमा गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७९ लाई आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

४.५.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

सूची १ लैससास रणनीति निर्माण तथा कार्यान्वयन कार्यदल गठन :

लैससास निर्माण तथा कार्यान्वयन समिति ११ सदसीय गठन निम्नानुसार उल्लेख गरिएको छ :

१) संयोजक श्री रण बहादुर बुढा, प्रमुख प्रसाशकिय अधिकृत
२) सदस्य: श्री दन्तराज रावत योजना शाखा प्रमुख
३) सदस्य श्री रतन बहादुर रावत स्वास्थ्य शाखा प्रमुख
४) सदस्य: श्री नरसिंह थापा पशुसेवा शाखा प्रमुख
५) सदस्य श्री ववरजंङग शाही कृषि शाखा प्रमुख
६) सदस्य श्री पुर्ण बहादुर शाही रोजगार शाखा प्रमुख
७) सदस्य श्री सुर्य बहादुर अधिकारी सामाजिक शाखा
८) सदस्य श्री दिपक महतरा, लेखा शाखा प्रमुख
९) सदस्य श्री विरेन्द्र बम, प्रशासन शाखा प्रमुख
१०। सदस्य श्री ललित बहादुर रावत प्राविधिक शाखा प्रमुख
११। राज्यलक्ष्मी रावल, महिला तथा बालबालिका शाखा प्रमुख



Scanned with CamScanner

अनुसुची २ लै.स.सा.स. ५ सदसिय कार्यदल समिति गठन

१. श्री सुर्पना शाही उपाध्यक्ष -संयोजक

२. श्री रण बहादुर बुढा प्रमुख प्रशासकीय अधिकृत -सदस्य

3. श्री कल्पना सार्कि कार्यपालिकाको दलित महिला सदस्य -सदस्य

४. श्री उपराज अधिकारी सामाजिक विकास समितिका संयोजक -सदस्य

५. श्री राज्य लक्ष्मी रावल महिला तथा बालबालिका शाखा -सदस्य सचिव

## अनुसूचि-३

- गाउँपालिकाको लिजा प्रतिवेदन २०७८
- बालवालिका सम्वन्धी ऐन २०७५
- अपांग सम्बन्धी कार्यबिधि २०७६
- गाउँपालिकाको पार्श्वचित्र २०७६
- नेपालको संविधान २०७२
- लैससास सम्वन्धी राष्ट्रिय नीति तथा कानुन
- लैससास सम्वन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्रावधानहरु



Scanned with CamScanner